## वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ५ मितिः २०७९/११/०४

# नगर प्रहरी सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०७९

**प्रस्तावनाः**

नगर प्रहरी सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै वीरेन्द्रनगर नगरपालिकाको नगर प्रहरी प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन नगर प्रहरी सेवाको गठन, सञ्चालन र सेवाको सर्त सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ५७ को उपधारा (४) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) खण्ड (क), दफा १०२ को उपदफा (१) र दफा ८३ को उपदफा (८) बमोजिम वीरेन्द्रनगर नगरपालिका, सुर्खेतको नगर सभाबाट यो विधेयक जारी गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम "नगर प्रहरी सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धी ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन वीरेन्द्रनगर नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "नगरपालिका" भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनु पर्छ ।

(ख) "सभा" भन्नाले नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

(ग) "कार्यपालिका" भन्नाले वीरेन्द्रनगर नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(ङ) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्छ ।

(च) "कार्यालय" भन्नाले वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) "नगर प्रहरी" भन्नाले यस ऐन बमोजिम नगर प्रहरी सेवाको पदमा बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।

(झ) "नगर प्रहरी प्रमुख" भन्नाले नगर प्रहरी प्रमुख भई कामकाज गर्न तोकिएको नगर प्रहरी सम्झनु पर्छ ।

(ञ) “तलब” भन्नाले नगर प्रहरीले मासिक रुपमा पाउने तलब र तलब वृद्धिसहितको रकम सम्झनु पर्छ।

(ट) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) “परिवार” भन्नाले नगर प्रहरीको पति, पत्नी, छोरा, धर्मपुत्र, अविवाहिता छोरी, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष र अविवाहिता महिला नगर प्रहरीको हकमा निजको बाजे, बज्यै तथा विवाहिता महिला नगर प्रहरीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ड) “नगर प्रहरी सेवा” भन्नाले दफा ४ बमोजिम गठित नगर प्रहरी सेवा सम्झनु पर्छ।

(ढ) “समिति” भन्नाले दफा ९ बमोजिमको पदपूर्ति समितिलाई सम्झनुपर्छ ।

(ण) “सेवा” भन्नाले नगर प्रहरी सेवालाई सम्झनुपर्छ ।

## परिच्छेद –२
## नगर प्रहरी सेवाको गठन र परिचालन

३. **सेवा सम्बन्धी मुख्य निकायः** (१) नगर प्रहरी सेवाको गठन, सञ्चालन र सेवाका सर्त व्यवस्थापनका सम्बन्धमा वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालयले मुख्य निकायको रूपमा काम गर्नेछ ।

(२) यो ऐन र यस ऐनअन्तर्गत बनेको नियममा उल्लेख भएको विषय बाहेक नगर प्रहरी सम्बन्धी काम कार्यालयको स्वीकृति लिएर मात्र गर्नुपर्नेछ।

४. **सेवाको गठनः** (१) नगरपालिकामा एक नगर प्रहरी सेवाको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठित नगर प्रहरी सेवामा रहने विभिन्न पदहरुको लागि आवश्यक पर्ने योग्यता दफा १२ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठित नगर प्रहरी सेवामा रहने गरी विभिन्न पदहरु देहाय बमोजिमको संख्यामा हुनेछ।

(क) नगर प्रहरी निरीक्षकः १ जना
(ख) नगर प्रहरी नायव निरीक्षकः १ जना
(ग) नगर प्रहरी सहायक नायव निरीक्षकः २ जना
(घ) नगर प्रहरी हवल्दारः ३ जना
(ङ) नगर प्रहरी जवानः २० जना (दुई जना ड्राइभर सिप भएको)

(४) उपदफा (३) बमोजिम गठित नगर प्रहरी सेवामा रहने पदको संख्या आवश्यकता अनुसार नगर कार्यपालिकाले हेरफेर गर्न सक्नेछ ।

५. **सेवामा रहने पद, तह र श्रेणीः** (१) नगर प्रहरी सेवामा देहाय बमोजिमका पद, तह र श्रेणी रहनेछन्ः–

| पद | तह | उमेर वा अनुभव | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| प्रहरी निरीक्षक | अधिकृत छैटौं | भूतपूर्व नेपाल प्रहरी र नेपाल सशस्त्र प्रहरी बलमा प्रहरी निरीक्षक पदमा कार्यरत् भई अवकाश भएका व्यक्तिहरु मध्येबाट मात्र १८ बर्ष पूरा भई ५० बर्ष ननाघेको | स्नातक तह वा सो सरह | |

| पद | तह | उमेर वा अनुभव | शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| नगर प्रहरी नायव निरीक्षक | सहायक पाँचौं | भूतपूर्व नेपाल प्रहरी र नेपाल सशस्त्र प्रहरी बलमा प्रहरी नायव निरीक्षक पदमा कार्यरत् भई अवकाश भएका व्यक्तिहरु मध्येबाट मात्र १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको । | कक्षा १२ उतीर्ण वा सो सरह | |
| नगर प्रहरी सहायक नायव निरीक्षक | सहायक चौथो | भूतपूर्व नेपाल प्रहरी, नेपाल सशस्त्र प्रहरी बल, नेपाली सेनामा प्रहरी सहायक नायव निरीक्षक वा सो सरह पदमा कार्यरत् भई अवकाश भएका व्यक्तिहरु मध्येबाट मात्र १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको | कक्षा १२ उतीर्ण वा सो सरह | |
| नगर प्रहरी हवल्दार | सहायक तेश्रो | भूतपूर्व नेपाल प्रहरी र नेपाल सशस्त्र प्रहरी बल वा नेपाली सेनामा प्रहरी हवल्दार वा सो सरहको पदमा कार्यरत् भई अवकाश भएका व्यक्तिहरु मध्येबाट मात्र १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको | एस.एल.सी. वा एस.ई.ई. उतीर्ण वा सो सरह | |
| नगर प्रहरी जवान | सहायक दोस्रो | १८ बर्ष पूरा भई २५ बर्ष ननाघेको | एस.एल.सी. एस. इ. इ. | |

(२) नगर प्रहरी सेवा सञ्चालनको लागि प्रशासनिक कार्यमा आवश्यक सहजीकरण गर्ने कार्य नगरपालिकाको प्रशासन महाशाखा र शाखाले गर्नेछ ।

## परिच्छेद-३

## नगर प्रहरीको काम, कर्तव्य र अधिकार

६. **नगर प्रहरीको काम, कर्तव्य र अधिकार कार्यविवरणः** (१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको सबै पदको कार्य विवरण बनाई लागू गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य विवरणमा त्यस्तो पद, तह र श्रेणीको काम, कर्तव्य, उत्तरदायित्व र अधिकार स्पष्ट रूपमा किटान गरिएको हुनुपर्नेछ ।

(३) नगर प्रहरीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने ।

(ख) नगरपालिकाको सम्पतिको सुरक्षा र संरक्षण गर्ने ।

(ग) स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वमा आवश्यक सुरक्षाको व्यवस्था गर्ने ।

(घ) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख तथा व्यवस्थापन गर्ने ।

(ङ) नगरको सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन गर्ने ।

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने ।

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने ।

(ज) विपद् व्यवस्थापन सम्वन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना गर्ने ।

(झ) छाडा पशु चौपायाको नियन्त्रण तथा व्यवस्थापन गर्ने ।

(ञ) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

(ट) सार्वजनिक आवागमनमा बाधा पुऱ्याउने गरी बजार क्षेत्रमा राखिएका सामग्रीहरु निर्णय तथा निर्देशन अनुसार हटाउने व्यवस्था मिलाउने ।

(ठ) सार्वजनिक जग्गा, बाटो, पुल–पुलेसा, मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, चौतारी, खोला मिची कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको सम्वन्धमा नगर कार्यपालिकाको निर्णयानुसार गर्ने ।

(ड) नगरपालिका क्षेत्रमा अनियमित रुपमा निर्माण भएका संरचनाहरुको हटाउने वा व्यवस्थापन गर्ने सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले दिएको निर्देशन अनुसार गर्ने ।

(ढ) जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने, म्याद गुज्रेका वा गुणस्तरहिन खाद्य सामग्रीहरुको विक्रि वितरण गरेको पाईएमा त्यसको प्रतिवेद ननगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(ण) जनस्वास्थ्यलाई प्रतिकूल असर पर्ने स्थानमा पशुपन्छी जन्य वस्तुहरुको विक्रि वितरणमा रोक लगाउने र कसैले प्रचलित कानूनको प्रतिकूल हुने गरी पशुपन्छीको वध गरेमा तत्काल कारवाहीको लागि नगर कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

(त) नगरपालिका क्षेत्र भित्र रहेका भुस्याहा कुकुरको नियन्त्रण र मृत्यु भएका जीवजन्तुको व्यवस्थापन गर्ने ।

(थ) नगरपालिका क्षेत्र भित्र रहेका खतरा जन्य घर, पर्खाल, टहरा र रुख विरुवा कटान गर्नको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(द) वडा समिति, टोल सुधार समिति, तथा सामुदायिक प्रहरी सँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृति हटाउने कार्य गर्ने ।

(ध) कार्यालयमा दर्ता नभई सञ्चालनमा रहेका व्यापार व्यवसायको दर्ता तथा नवीकरण गरे नगरेको अनुगमन गरी दर्ता तथा नवीकरण गर्न लगाउने ।

(न) नगरपालिका भित्र प्रचलित कानून वा नगरपालिकाको अनुमति वेगर राखिएका व्यानर, विज्ञापन, होडिङ्ग वोर्ड, पोष्टर, भित्ते लेखन लगायतका सामग्री हटाउने ।

(ऩ) कार्यालयको आयोजनामा हुने सभा, सम्मेलन, तालिम लगायतका कार्यमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।

(प) नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका उद्योग, व्यापार तथा व्यवसायीहरुले प्रचलित कानून बमोजिम मूल्य सूची राखे नराखेको सम्वन्धमा अनुगमन गरी नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

(फ) नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका होटल, रेष्टुरेण्ट, गेष्ट हाउस, पार्लर लगायतका व्यवसायहरु प्रचलित कानूनले तोकेको मापदण्ड अनुरुप भए

नभएको अनुगमन गरी कानून विपरित सञ्चालनमा रहेको पाईएमा कारवाहिको लागि नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने ।

(ब) नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक तथा नीजि स्थानमा जुवा तास खेल्ने र मदिरा जन्य पदार्थको विक्रि वितरणमा नगर कार्यपालिकाको निर्णयानुसार नियन्त्रण र व्यवस्थापनका कार्य गर्ने ।

(भ) सार्वजनिक स्थल लगायतका क्षेत्रहरुमा अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर, रेडियो, गाडी हर्न लगायतका ध्वनी प्रदुषण कार्यलाई नियन्त्रण गर्ने ।

(म) कार्यालय मातहत आयोजना, कार्यक्रम अन्तर्गत निर्देशन भए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(य) प्रमुख प्रशासकीय अधिकृतबाट भएको निर्देशन बमोजिमको सम्पूर्ण कार्यहरु गर्ने ।

(र) स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहलाई तोकेका सम्पुर्ण कार्यहरु

(४) कार्य विवरण सम्बन्धी थप व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपरोक्त अनुसार काम गर्दा नगर प्रहरीहरु पूर्ण रुपमा नगरपालिका प्रति उत्तरदायी हुनुपर्नेछ ।

## परिच्छेद–४
## दरवन्दी सिर्जना र पदपूर्ति सम्वन्धी व्यवस्था

७. **दरवन्दी सिर्जनाः** (१) नगर प्रहरीको दरवन्दी सिर्जना संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम सञ्चालन तथा व्यवस्थापन हुने नगर प्रहरी सेवाको गठन गर्दाको पहिलो विज्ञापन दफा ४ को उपदफा ३ बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन वा हेरफेर गर्दा स्वीकृत कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नु पर्ने कारण र सोको औचित्य एवम् उपलब्ध मानव स्रोत र राजस्व क्षमता समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कार्य बिश्लेषण, कार्य मूल्यांकन र कार्यविवरण तयार गर्नु पर्नेछ ।

८. **<u>पदपूर्ति समिति:</u>** (१) नगर प्रहरी सेवामा कर्मचारी नियुक्ति गर्न देहाय बमोजिम पदपूर्ति समिति रहनेछः–

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगरपालिका भित्र रहेका सुरक्षा निकायका प्रमुख वा अधिकृत मध्येबाट नगर प्रमुखले तोकेको व्यक्ति - सदस्य

(ग) नगरपालिकाको प्रशासन शाखा प्रमुख - सदस्य-सचिव

९. **<u>समितिको काम कर्तव्य र अधिकार:</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) दफा ११ बमोजिम प्रतिशत निर्धारण गर्ने ।

(ख) पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्ने ।

(ग) पदपूर्ति कार्यतालिका बनाउने ।

(घ) परीक्षाको किसिम तोक्ने ।

(ङ) पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने ।

(च) परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन गर्ने ।

(छ) नियुक्तिका लागि सिफारिस गर्ने ।

१०. **<u>पदपूर्तिः</u>** (१) नगर प्रहरी सेवामा कर्मचारीको करार सेवामा पदपूर्ति गर्दा खुल्ला प्रतियोगिताद्वारा गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगर प्रहरी सेवालाई समावेशी बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पद मध्ये पचपन्न प्रतिशत पदमा खुल्ला र पैतालिस प्रतिशत पदलाई शत प्रतिशत मानी देहाय अनुसार समावेशी बीचमा मात्र छुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछः-

(क) महिला - उनन्चालिस प्रतिशत

(ख) आदिबासी जनजाति - छत्तिस प्रतिशत

(ग) दलित - पच्चिस प्रतिशत ।

(३) उपदफा (२) बमोजिम छुट्ट्याइएको पदमा दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार सफल नभएमा त्यस्तो पदमा खुल्ला प्रतियोगिता वा बाँकी समावेशी पदमा सहभागी भई सफल भएका उम्मेदवारहरु मध्येबाट पदपुर्ति गरिनेछ ।

(४) उपदफा (२) बमोजिम समावेशी वीचमा मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गराउने सम्बन्धमा समावेशी सम्बन्धमा थप परिभाषा तथा व्याख्या प्रचलित कानून बमोजिम हुनेछ ।

११. **<u>उम्मेदवारको योग्यताः</u>** नगर प्रहरीका सबै पदको लागि यस ऐनको दफा ५ मा उल्लेख गरिएको न्यूनतम योग्यताको अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(ख) कुनै राजनैतिक दलको सदस्य नरहेको ।

(ग) प्रचलित कानून बमोजिम शारीरिक रुपमा तन्दुरुस्त रहेको ।

(घ) महिलाहरुको लागि कम्तीमा पाँच फिट र पुरुषको लागि कम्तीमा पाँच फिट दुई इन्च उचाई भएको ।

(ङ) उम्मेदवारको छाती नफूल्लाउँदा कम्तिमा एकतिस ईन्च र फुल्लाउँदा तेत्तिस ईन्च भएको ।

(च) उम्मेदवारको आँखा –१.५ वा +१.५ भन्दा बढी कमजोर नभएको ।

(छ) नेपाली नागरिक।

(ज) सुगर, एचआईभी, हेपाटाईटिस बि, क्षयरोग, युरिक एसिड र जण्डिस जस्ता रोग नभएको स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(झ) महिला उम्मेदवारको हकमा बयालिस किलोग्राम र पुरुष उम्मेदवारको हकमा पचास किलोग्राम शारिरीक तौल भएको ।

(ञ) प्रहरी जवानको हकमा १८ बर्ष पूरा गरी २५ बर्ष ननाघेको र नगर प्रहरी हवल्दार र निरीक्षकको हकमा पचास बर्ष उमेर पूरा गरेको

(ट) पदपूर्ति समितिले निर्धारण गरेको अन्य योग्यता

१२. **योग्यताक्रम सूची र नियुक्ति सम्बन्धी व्यवस्था:** (१) समितिले उम्मेदवारहरुको छनौट प्रहरी छनौट सम्बन्धी संघीय कानून बमोजिमका आधारमा प्राप्त गरेको अङ्कको आधारमा नगर प्रहरी उम्मेदवारहरुको योग्यताक्रम सूची तयार गरी नियुक्तिका लागि कार्यालयमा सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम प्रहरी छनौट गर्दा कुनै समस्या भएमा वा कुनै आधार थपघट गर्नुपर्ने उपयुक्त लागेमा दफा ८ बमोजिम गठित समितिले कार्यविधि वा मापदण्डमा सामान्य हेरफेर गर्न सक्नेछ।

(३) सिफारिस गर्ने संख्या कुल माग भएको पद संख्याको वढीमा बीस प्रतिशत योग्यताक्रम अनुसारको वैकल्पिक उम्मेदवारको सूची समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सिफारिस भएका उम्मेदवारले पन्ध्र दिनभित्र नियुक्ति पत्र लिन कार्यालयमा उपस्थित हुनुपर्नेछ।

(४) उपदफा (१) बमोजिम नियुक्ति लिन नआउने उम्मेदवारको योग्यताक्रम खारेज गरी वैकल्पिक योग्यता क्रममा पहिलो हुनेलाई सात दिनभित्र नियुक्ति लिन जानकारी गराउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वैकल्पिक उम्मेदवारले नियुक्ति नलिएमा क्रमशः योग्यता क्रम अनुसारका अन्य वैकल्पिक उम्मेदवारलाई सात दिनभित्र नियुक्ति लिन जानकारी गराउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिमका वैकल्पिक उम्मेदवारले एक वर्षसम्म नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज भएको मानीनेछ ।

१३. **<u>नियुक्ति गर्ने अधिकारीः</u>** (१) समितिबाट सिफारिस भएका उम्मेदवारलाई प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरीको पदमा नियुक्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति हुने नगर प्रहरीलाई प्रमुख प्रशासकीय अधिकृतले अनूसूची–१ को ढाँचामा पद तथा गोपनियताको सपथ गराउनु पर्नेछ ।

१४. **<u>सूचनाको म्यादः</u>** (१) पदपूर्तिको लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न पन्ध्र दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नुपर्नेछ । म्याद नाघेको सात दिनसम्म दोव्वर दस्तुर तिरी दरखास्त पेश गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित नगरेमा त्यस्तो विज्ञापन स्वतः रद्ध भएको मानिनेछ।

**१५. <u>करार सेवा अवधी:</u>** (१) नियुक्ति गरिएका नगर प्रहरी र कार्यालय बीच एक वर्ष अवधिको करार सेवा सम्झौंता हुनेछ ।

(२) दफा १७ को अवस्था वा सेवाबाट अलग हुन सम्बन्धित नगर प्रहरीले निवेदन दिएको वा यस ऐन बमोजिम अयोग्य भएको वा सम्झौताका सर्त थपघट गर्नुपर्ने वा नकारात्मक सूचीमा परेको अवस्थामा बाहेक उपदफा (१) बमोजिमको करार सेवा सम्झौता प्रत्येक बर्ष स्वतः नविकरण भएको मानिनेछ।

**१६. <u>पुनः करार सेवा सम्झौंता हुन नसक्ने:</u>** (१) नियुक्ति भएका नगर प्रहरीको उमेर ५८ बर्ष पुगेपछि वा सेवा अवधि २८ वर्ष पूरा भएपछि निजलाई सेवाबाट हटाइनेछ र पुनः करार सेवा सम्झौता गरिनेछैन ।

## परिच्छेद–५
## <u>सेवा सुविधा र सर्तसम्बन्धी व्यवस्था</u>

**१७. <u>विदा:</u>** (१) नगर प्रहरीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) विदा स्वीकृत गर्ने अधिकारीले कामको अनुकुलता र गाम्भिर्यता हेरी प्रचलित कानून एवम् जिम्मेवारी बहन गर्नुपर्ने अवस्थाको आधारमा विदा स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ ।

(३) विदा बसेको नगर प्रहरीको जुनसुकै वखत स्वीकृत विदा रद्द गरी कामकाजमा लगाउन सकिनेछ ।

**१८. <u>नगर प्रहरीले पाउने विदा:</u>** (१) नगर प्रहरीले तपशिल बमोजिम विदा पाउनेछन्। विदा सम्बन्धी अन्य व्यवस्था करार सेवा सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(क) भैपरी आउने र पर्व विदा
(ख) किरिया विदा

(ग) प्रसुती विदा

(घ) प्रसुती स्याहार विदा

(ङ) सट्टा विदा

(च) विरामी विदा

**(क) भैपरी आउने र पर्व विदाः** (१) नगर प्रहरीले प्रत्येक वर्ष भैपरी र पर्व विदा १२ दिन पाउनेछ ।

(२) भैपरी र पर्व विदा साधारणतया एक पटकमा २ दिनमा नबढाई स्वीकृत हुन सक्नेछ ।

(३) एक वर्षको भैपरी र पर्व विदा अर्को वर्षमा संचित गर्न पाइने छैन तर संचित भएमा बर्षको अन्तमा प्रत्येक दिनको तलबको आधा तलब बराबरको रकमको दरले प्रोत्साहन स्वरुप रकम प्राप्त गर्नेछ।

(४) भैपरी र पर्व विदा वसेको नगर प्रहरीले पूरा तलव, भत्ता पाउनेछ ।

(५) भैपरी र पर्व विदा शनिवार वाहेक अरु विदाहरुसँग संगसंगै मिलाएर लिन पाइने छैन ।

**(ख) किरिया विदाः** (१) नगर प्रहरी आफैं किरियामा वस्नु परेमा कुल, धर्म, परम्परा वा संस्कार अनुसार वढीमा १५ दिन किरिया विदा पाउनेछ ।

(२) यस्तो किरिया विदा बस्ने नगर प्रहरीले पूरा तलब, भत्ता पाउनेछ ।

**(ग) प्रसूति विदाः** (१) महिला नगर प्रहरी गर्भवती भएमा निजले सुत्केरी अघिपछि गरी ९८ दिन प्रसूति विदा पाउनेछ ।

(२) प्रसूति विदामा वस्ने महिला नगर प्रहरीले पूरा तलब, भत्ता पाउनेछ ।

(३) प्रसूति विदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ ।

**(घ) प्रसूति स्याहार विदाः** (१) नगर प्रहरीको पत्नी सुत्केरी भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरी पन्ध्र दिन प्रसूति स्याहार विदा लिन सक्नेछ ।

(२) प्रसुती स्याहार विदा सेवा अवधिमा दुई वटा सन्तानको लागि दुई पटकसम्म उपलब्ध हुनेछ।

(३) प्रसूति स्याहार विदामा वस्ने नगर प्रहरीले पूरा तलबभत्ता पाउनेछ तर पूर्ववत् दुई भन्दा बढी सन्तान रहेछन भने थप सन्तानको लागि प्रसुती स्याहार विदा वापत तलब भत्ता पाउने छैन ।

**(ङ) सट्टा विदाः** सार्वजनिक विदाको दिन कामकाज गर्ने नगर प्रहरीलाई पालो मिलाई विदा स्वीकृत गर्ने अधिकारीले सट्टा विदा दिन सक्नेछ । तर यस्तो सट्टा विदा एकपटकमा तीन दिनभन्दा वढी हुने छैन ।

**(च) विरामी विदाः** (१) नगर प्रहरीले प्रत्येक वर्षमा बाह्र दिन विरामी विदा पाउनेछन्।

(२) उपदफा (१) बमोजिमको विदा संचित गरी राख्न सकिनेछ र सेवाबाट अलग हुँदा दैनिक तलब रकमको दरले बिरामी बिदाको रकम भुक्तानी पाउनेछ ।

१९. **<u>विदा स्वीकृत गर्ने अधिकारीः</u>** नगर प्रहरीको बिदा स्वीकृत देहाय बमोजिम हुनेछ ।

| **क्र. स.** | **विदाको किसिम** | **विदा स्वीकृत गर्ने अधिकारी** | **कैफियत** |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | भैपरी र पर्व विदा | नगर प्रहरी प्रमुख | नगर प्रहरी प्रमुखको हकमा प्रमुख प्रशासकीय अधिकृत |
| २ | किरिया विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ३ | प्रसूति विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सट्टा विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ५ | प्रसूति स्याहार विदा | प्रमुख प्रशासकीय अधिकृत | |
| ६ | विरामी विदा | प्रमुख प्रशासकीय अधिकृत | |

(१) उल्लेखित विदाहरु प्रमुख प्रशासकीय अधिकृतले आफू मातहतको अधिकृत कर्मचारीलाई स्वीकृत गर्नका लागि अधिकार प्रत्यायोजन गर्न सक्ने छ ।

२०. **विदा अभिलेख राख्ने** विदा स्वीकृत भए पश्चात प्रशासन शाखाले विदाको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

२१. **तलब भत्ताः** (१) नगर प्रहरीले नियुक्ति भएको मिति देखि तलव भत्ता पाउने छ ।

(२) उपदफा (१) बमोजिम तलव, भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका उल्लेखित पदले पाउने दरलाइ आधार बनाइ तोकिए अनुसार हुनेछ ।

२२. **तलब भत्ता करार सेवा सम्झौंता पत्रमा उल्लेख गर्नु पर्नेः** करार सेवामा नियुक्ति हुने नगर प्रहरीको तलब, भत्ता र अन्य सुविधाहरु करार सेवा सम्झौंतापत्रमा उल्लेख गरिएको हुनु पर्नेछ ।

२३. **चाडपर्व खर्च पाउनेः** नगर प्रहरीले आफूले खाइपाइ आएको एक महिना बराबरको तलब वर्षको एक पटक चाडपर्व खर्चको रुपमा प्राप्त गर्नेछन् ।

२४. **<u>पोसाक भत्ता:</u>** (१) पोशाकको लागि आवश्यक पोशाक भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका उल्लेखित पदलाई उपलब्ध भएको दरलाई आधार मानी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (२) बमोजिको भत्ता रकम वर्षको एक पटक उपलव्ध गराईनेछ ।

२५. **<u>रासन भत्ता सम्वन्धी व्यवस्था:</u>** (१) नगर प्रहरीले नियुक्ति पाएको मिति देखि रासन भत्ता पाउने छन ।

(२) उपदफा (१) बमोजिम रासन भत्ता नेपाल सरकारबाट नेपाल प्रहरीका सो सरहको पदलाई उपलब्ध गराईएको दरलाई आधार मानी तोकिए बमोजिम हुनेछ ।

२६. **<u>प्रोत्सहान एवम् पुरस्कार:</u>** नगर प्रहरीलाई तोकिएको कार्यसम्पादन मूल्याङ्कनका आधारमा नगर कार्यपालिकाको निर्णय बमोजिम प्रोत्सहान रकम र पुरस्कार उपलब्ध गराउन सकिनेछ ।

२७. **<u>योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने:</u>** नगर प्रहरी सेवामा कार्यरत नगर प्रहरीलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।

२८. **<u>नगर प्रहरीको आचरण:</u>** नगर प्रहरीहरुले देहाय बमोजिम आचरण पालना गर्नुपर्नेछः-

(क) समय पालना र नियमितताः नगर प्रहरी नेपाल सरकारबाट निर्धारित समयमा नियमितरुपले कार्यालयमा हाजिर हुनुपर्नेछ र विदा स्वीकृत नगराई काममा अनुपस्थित हुनु हुदैन ।

(ख) अनुशासन र आज्ञापालनः आफू भन्दा माथिको अधिकृतले दिएको आदेश पालना गर्नुपर्ने र उचित आदर देखाउनु पर्नेछ ।

(ग) राजनैतिक वा अवाञ्छनीय प्रभावमा पर्न वा पार्न नहुनेः नगर प्रहरीले आफ्नो सेवा प्रवाह गर्ने क्रममा वा यहि सन्दर्भमा मतलव साध्य गर्ने उदेश्यले अन्य कुनै राजनीतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन। निर्वाचनमा कुनै पनि राजनैतिक दलका लागि मत माग्ने वा निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले भाग लिनु हुदैन । तर प्रचलित कानून बमोजिम गोप्य मताधिकारको प्रयोगमा भने बाधा पर्ने छैन ।

(घ) राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरीले राजनीतिमा भाग लिनु हुँदैन ।

(ङ) सरकारको आलोचना गर्न नहुनेः कुनै पनि किसिमले सरकारको आलोचना गर्न पाईने छैन।

(च) सरकारी कामकाज सम्वन्धी समाचार प्रकाशन गर्नमा प्रतिवन्धः कुनै नगर प्रहरीले आफ्नो जिम्मामा रहेको वा आफूले कुनै तरिकाबाट प्राप्त गरेको सरकारी गोप्य कागजात, लिखत वा जानकारी कुनै अनाधिकृत व्यक्ति वा निकाय वा संचार क्षेत्रलाई उपलव्ध गराउनु हुँदैन र नगरपालिकालाई खलल पुग्ने गरी वा नगरपालिकाको विरुद्ध कुनै भाषण, संवाद वा लेख रचना प्रकाशन गर्न पाइने छैन । तर साहित्यिक रचनाहरु प्रकाशन गर्न पाइनेछ ।

(छ) दान, उपहार, चन्दा आदि प्राप्त गर्न र सापटी लिन प्रतिवन्धः सरकारी काममा कुनै पनि प्रकारले असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरीले नगरपालिकाको

पूर्व स्वीकृति विना आफूले वा आफ्नो परिवारको कुनै सदस्यले कसैबाट दान, दातव्य, कोसेली वा उपहार स्वीकार गर्न वा चन्दा माग्न वा सरकारी कामसंग सम्वन्धित व्यक्तिसंग सापटी लिन हुदैन ।

(ज) कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न नहुनेः नगरपालिकाको स्वीकृति वेगर कुनै कम्पनीको स्थापना र सञ्चालन तथा व्यापार व्यवसाय गर्न पाइने छैन ।

(झ) सम्पति विवरण पेश गर्नेः आफू वा आफ्ना परिवारका सदस्यको नाममा रहेको चल अचल सम्पत्ति नगद, सुन, चाँदी, शेयर र बैंक ब्यालेन्स विवरण सहितको सम्पत्ति विवरण सेवा प्रवेश गरेको मितिले ३ महिना भित्र र हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिन भित्र कार्यालयमा पेस गर्नु पर्नेछ ।

(ञ) यातना दिन नहुनेः नगर प्रहरीले कसैलाई पनि यातना दिनु हुँदैन ।

(ट) सेवाग्राही प्रतिको व्यवहारः नगर प्रहरीले आम सेवाग्राही प्रति मर्यादित व्यवहार गर्नुपर्नेछ ।

(ठ) आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्नेः प्रत्येक नगर प्रहरीले आफ्नो सेवा र पद अनुसारको आचरण पालन गर्नुपर्नेछ ।

## परिच्छेद–९

## सजाय सम्बन्धी व्यवस्था

२९. **सजायः** (१) उचित र प्रयाप्त कारण भएमा नगर प्रहरीलाई देहायको सजाय गर्न सकिनेछः–

(क) नसिहत दिने ।

(ग) नोकरीबाट बर्खास्त गर्ने ।

**३०. <u>नसिहत दिने:</u>** (१) प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी प्रमुखलाई र नगर प्रहरी प्रमुखले नगर प्रहरीलाई दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम, कर्तव्य पूरा नगर्ने नगर प्रहरीलाई तोकिए बमोजिम नसिहत दिईनेछ ।

**३१. <u>सेवाबाट हटाउने वा बर्खास्त गर्ने:</u>** (१) नगर प्रहरीले देहाय बमोजिमको कसुर गरेमा मात्र प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा नगर कार्यपालिकाले सेवाबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्नो पदिय जिम्मेवारी पूरा गर्न नसकेमा ।

(ख) राजनीतिमा भाग लिएमा ।

(ग) पटक पटक अनुशासनहीन काम गरेमा ।

(घ) कार्यालय समयमा मादक पर्दाथ सेवन गरी हिडेमा ।

(ङ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा ।

(च) आचरण सम्वन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

(छ) झुट्टा विवरण पेश गरेमा ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सफाई पेश गर्ने आदेश दिँदा लगाईएका आरोप स्पष्ट रुपले किटिएको हुनुपर्नेछ ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरीलाई सजाय दिनुपर्ने

कानुनी प्राबधान भएमा प्रमुख प्रशासकीय अधिकृतले निजलाई गर्न लागेको सजायको बारेमा सूचना दिनुपर्नेछ ।

(४) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्तो नगर प्रहरीलाई सफाई पेश गर्ने मौका दिनु पर्ने छैन ।

## परिच्छेद–१२
## विविध

३२. **सरुवाः** नगरपालिकाको विभिन्न वडा एवम् कार्य क्षेत्रमा नगर प्रहरीहरुको सरुवा प्रशासन शाखा प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

३३. **नगर प्रहरीको पोशाक र चिन्हः** (१) नगर प्रहरीको एक छुट्टै पोसाक हुनेछ । पोसाकमा नेपाल प्रहरीको पोसाकमा पद अनुसारको नाम एवम् दर्ज्यानी चिन्ह रहनेछ । निजहरुको पोसाकको पाखुरातर्फ वीरेन्द्रनगर नगरपालिकाको छुट्टै लोगो चिन्ह रहनेछ ।

(२) उपदफा १ बमोजिमको दर्जयानी चिन्ह देहाय बमोजिम हुनेछन्ः-

(क) नगर प्रहरी निरीक्षकको कुममा डण्डा क्रस खुकुरी
(ख) नगर प्रहरी नायब निरीक्षकको कुममा दुई तारा
(ग) नगर प्रहरी सहायक निरीक्षकको कुममा एक तारा
(घ) नगर प्रहरी हवल्दारको कुममा तीन धर्का
(ङ) नगर प्रहरी जवानको कुममा फिता मात्र

३४. **प्रशासनको नियन्त्रणमा रहनेः** (१) नगर प्रहरीको प्रशासन तथा व्यवस्थापन नगर कार्यपालिकाको मातहतमा कार्यालयको प्रशासन शाखाबाट हुनेछ ।

(२) नगर प्रमुख, नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष नियन्त्रणमा नगर प्रहरी रहनेछन् ।

(२) नगर प्रहरीको अनुशासन र खटनपटन सम्बन्धी कार्य प्रमुख प्रशासकीय अधिकृतसँगको प्रत्यक्ष समन्वय, निर्देशन र नियन्त्रणमा नगर प्रहरी प्रमुखले गर्नेछ ।

३५. **तालिम सम्बन्धी व्यवस्थाः** (१) नयाँ नियुक्ति हुने नगर प्रहरीलाई बढीमा पैतीस दिनको तालिम नेपाल प्रहरी वा नेपाल सशस्त्र प्रहरी मार्फत दिई कामकाजमा खटाईनेछ ।

(२) उपदफा (१) बमोजिम तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुनेछ ।

३६. **सेवा खरिद गर्न सकिनेः** तत्काल पदपूर्ति हुन नसकी रिक्त रहेको वा थप जनशक्ति तत्काल आवश्यक भएको अवस्थामा नगर कार्यपालिकाको निर्णय तथा प्रचलित कानून बमोजिम सेवा प्रदायक वा सेक्युरिटी कम्पनीबाट सेवा खरिद गरी जनशक्ति व्यवस्थापन गर्न सकिनेछ।

३७. **नगरपालिकाको अधिनमा रहनेः** नगर प्रहरीहरुको समय चौविस घण्टा कार्यालयको अधिनमा रहनेछन् र जुनसुकै समयमा पनि नगरपालिकाको कामकाजमा खटाउन, लगाउन सकिनेछ ।

३८. **ऐनमा संशोधन गर्न सक्नेः** सभाले यो ऐन आवश्यकता अनुसार संसोधन, थपघट तथा परिमार्जन गर्न सक्नेछ ।

३९. **नियमावली तथा कार्यविधि बनाउन सक्नेः** कार्यपालिकाले यो ऐन कार्यान्वयनको लागि आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।

४०. **<u>अमान्य हुने:</u>** नेपालको संविधान, संघिय कानून, प्रदेश कानून तथा स्थानीय सरकार ऐन २०७४ तथा अन्य प्रचलित कानूनसंग बाझिएको हदसम्म सो दफाहरु स्वतः अमान्य हुनेछ ।

४१. **<u>खारेजी:</u>** स्थानीय सेवा ऐन २०७७ मा नगर प्रहरी सम्बन्धी भएको व्यवस्था खारेज गरिएको छ । सो ऐनमा प्रहरी सम्बन्धी भएका काम कारवाही यसै ऐन बमोजिम भएको हुनेछ ।

## अनुसूची-१
## (दफा १४ को उपदफा (२) संग सम्वन्धित)

## <u>शपथ ग्रहण</u>

म ................ .................. ईश्वरको नाममा शपथ लिन्छु कि स्थानीय तहको नगर प्रहरीको हैसियतले मलाइ तोकिएको काम मेरो ज्ञान र विवेकले जाने बुझेसम्म ईमान, धर्म तथा कर्तव्य सम्झी देश र सरकारप्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगर अनुशासनमा रही प्रचलित कानूनको ब्यवस्थाको अधिनमा रही आफ्नो कर्तब्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कुनै सरकारी गोप्य कुरा अधिकृत ब्यक्तिलाई बाहेक अरु कसैलाई म सेवामा बहालल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

**<u>शपथ ग्रहण गर्नेको</u>**

(क) नामः .................
(ख) दस्तखतः
(ग) मितिः
(घ) सेवाः
(ङ) समूहः
(च) तहः

**<u>शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको,</u>**

(क) नामः .................
(ख) दस्तखतः
(ग) मितिः
(घ) पदः
(ङ) कार्यालयः

आज्ञाले,
..........................................
प्रमुख प्रशासकीय अधिकृत